
# उजाडस्थान




प्रभु , सहायता गर्नुहोस् !
सर्पले राति तिनीहरूलाई पालमा समेत भेट्टाए ।
हिस्स्...
छाउनी पूरै विषालु सर्पहरूले भरिएको थियो ।
गुहार... मलाई सर्पले टोक्यो
नाईं...... !
नाईं, योआब !
आमा !
बच्चाहरूले समेत आफ्ना आमाबाबुको पापको लागि कष्ट भोगे ।



छाउनीको सबैतिरबाट पीडा र शोकको आवाजहरू आउँदैथिए । पापको ज्याला डरलाग्दो हुन्छ ।
छाउनीको चारैतिर कोलाहल छ र यो झन् झन् बढिरहेको छ । धेरै मरिसकेका छन् ।
हामीले मोशालाई खोज्नुपर्छ । यो पक्कै परमेश्वरको काम हो । उहाँ मानिसहरूको पापको लागि क्रोधित हुनुहुन्छ ।
ह्वाक......
तपाईंले परमेश्वर सित प्रार्थना गरिदिनुहोस् । हामी दण्डका लागि योग्य छौं, तापनि कृपाको लागि याचना गरिदिनुहोस् ।
पापको सम्बन्धमा परमेश्वर गम्भीर हुनुहुन्छ भनी मानिसहरूले कहिले सिक्ने ? तिनीहरूले आज्ञाहरू पालन गर्नुपर्छ र पवित्र जाति बन्नुपर्छ ।
हे, परमेश्वर, आफ्ना मानिसहरूप्रति कृपालु हुनुहोस् र तिनीहरूका पाप क्षमा गरिदिनुहोस् ।
जाऊ र मानिसहरूलाई डस्ने सर्प जस्तै स्वरूपको एउटा पित्तलको सर्प बनाऊ । त्यसलाई एउटा खाँबामाथि झुण्ड्याऊ र मानिसहरूलाई त्यो पित्तलको सर्प हेर्न लगाऊ र हेर्ने जति तुरुन्तै निको हुनेछन् ।

गन्ती २१:७-८


परमेश्वरले बाँच्ने उपाय दिनुभएको छ। मात्रै पित्तलको सर्प हेर्नुहोस् र निको हुनुहोस्।
ऊ मर्नै आँटेको छ।
होइन...परमेश्वरले बाँच्ने उपाय दिइसक्नुभएको छ नि..आँखा खोलेर हेर मात्रै। हेर र बाँच।
यो त, आश्चर्यकर्म हो।
हामीले अरूलाई यो बताउनुपर्छ।
यसले त मेरो जीवनमा काम गऱ्यो है। म अरूलाई पनि बताउँछु।
हेर र बाँच।


किन तिमी उसलाई झूटो आशा दिएर जिस्काउँछौ ?
हेर्ने जति सबै निको भएका छन् नि त ।
म मर्दैछु भनी के तिमी देख्दैनौ ? यस्तो मूर्ख कुराले किन तिमी मलाई अल्मल्याउँछौ ?
ऊ त मऱ्यो ।
अफसोस्, उसले विश्वास गरेन ।
उसमा धेरै घमण्ड थियो ।
फेरि पनि मानिसहरूले परमेश्वरको शक्ति देखे । छाउनीमा सर्पको आतङ्क टऱ्यो र जीवन सामान्य भयो ।
तर मानिसहरू फेरि पनि आफ्नै तरिकाले चले र परमेश्वरका आज्ञाहरू पालन गर्न असफल रहे ।
इस्राएलीहरूले बादललाई पछ्याए । परमेश्वरले तिनीहरूलाई स्वर्गबाट मन्ना खुवाउनुभयो र पिउनको लागि पानी जुटाउनुभयो ।
उहाँले तिनीहरूलाई प्रतिज्ञाको देशमा पुऱ्याउनु हुनेथियो तर निनीहरू अनाज्ञाकारी भए र तिनीहरूले उहाँका आज्ञाहरू पालन गरेनन् । त्यसैले उहाँले तिनीहरूलाई चालीस वर्षसम्म उजाडस्थानमा भौंतारिन लगाउनुभयो ।

गन्ती २१:९, ३२:१३


मोशा तपाईँ सोच्नुहुन्छ कि तपाईँ मात्रै परमेश्वरको नजिक हुनुहुन्छ । हामी पनि तपाईँ जतिकै पवित्र छौं । वास्तवमा, सम्पूर्ण समुदाय नै पवित्र छ र परमेश्वर हाम्रो माझमा बास गर्नुहुन्छ । हाम्रो माझमा कोही पनि पापी बाँकी छैन । हामीले के गर्नुपर्ने हो तपाईँ र हारूनले बताउनपर्दैन र तपाईँहरू हामीमाथि न्यायकर्ता पनि हुनुपर्दैन ।
हो, म यो उजाडस्थानमा भौंतारिंदा भौंतारिंदा अनि मामूली कुराको निम्ति परमेश्वरले मार्नुभएको देख्ता म त वाक्क भइसकेको छु ।
हो, यो मोशाकै गल्ती हो । उनका स्तरहरू साह्रै उच्च छन् ।
मोशा वासस्थानभित्र पसे र के गर्ने हो भनी परमेश्वरसित सोधे ।
परमेश्वरले भन्नुभएको छ, "हे लेवीका सन्तानहरू हो, तिमीहरू अति गर्छौ । परमेश्वरले नियुक्त नगर्नुभएका मानिसहरूलाई तिमीहरू पूजाहारीहरू बनाउन खोज्दछौ ।"
भोलि परमप्रभुले नै हामीहरूबीचको यो कुरालाई फैसला गर्नुहुनेछ र परमेश्वरका पूजाहारीहरू को हुन्, को पवित्र छन् वा छैनन् भनी भनी हामीले जान्नेछौं । भोलि वासस्थानमा आऊ । आफ्ना निम्ति धुपौराहरू लिएर आऊ ।

गन्ती १६:२-६



अर्को दिन ।
तिमीहरू जो आफूलाई पवित्र ठान्छौ, तिमीहरू जो पूजाहारी हुन चाहान्छौ र मानिसहरूमाथि शासन गर्न चाहान्छौ, नजिक आओ ।
परमेश्वरले आज हामीलाई यहाँ भेट्नुहुनेछ र चुन्नुहुनेछ । उहाँको सामर्थ्य र महिमा हामी देख्नेछौं ।
यी दुष्ट मानिसहरूबाट आफैलाई अलग गराऊ । म यिनीहरूलाई पलभरमै नष्ट गर्नेछु ।
तिनीहरूका छाउनीदेखि हट । तिनीहरूका नजिक नआऊ, नत्र उनीहरूसितै तिमीहरू मर्नेछौ ।



चिह्न यही हुनेछ : यदि यी मानिसहरू स्वभाविक मृत्यु मरे भने म झुट्टा अगमवक्ता रहेछु र परमप्रभु मद्वारा बोल्नुहुन्न रहेछ भनी भनी तिमीहरूले जान्नसक्नेछौ ।
तर यदि आज तिमीहरूले नयाँ कुरा देख्यौ, अर्थात् पृथ्वीले आफ्नो मुख खोलेर तिनीहरूका सबै थोकहरूसहित तिनीहरूलाई निल्यो भने तिनीहरूले परमेश्वरको विरुद्धमा पाप गरेका रहेछन् र म उहाँको अगमवक्ता रहेछु भनी तिमीहरूले जान्नेछौ ।
गुहार !
यइइइइइइ !
नाई....
आफैलाई पूजाहारी घोषित गर्न खोज्नेहरूलाई पृथ्वीले जिउँदै निल्यो ।


गन्ती १६:२८-३३


तिमीहरूका पित्तलका धूपौराहरू उठाऊ र वेदी मोहर्नका निम्ति त्यसबाट पाताहरू बनाऊ ।
जब तिमीहरूले पित्तलको पाताले वेदी मोहोरिएको देख्नेछौ, तब तिमीहरूले यो दिन सम्झनेछौ जब मानिसहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरेर आफैलाई पूजाहारीहरू तुल्याउन खोजेका थिए ।
इस्राएलीहरूले त्यो दिन कहिल्यै बिर्सने थिएनन् किनकि परमेश्वरले स्पष्ट पारिदिनुभएको थियो कि मोशा उहाँको अगमवक्ता हुन् र उहाँले नियुक्त गर्नुभएकाहरू मात्रै पूजाहारीहरू हुन सक्नेछन् ।
परमेश्वरको महिमा सधैँ वासस्थानमाथि रहन्थ्यो र मानिसहरूले चालीस वर्षसम्म उजाडस्थानहुँदो राजीखुशीका साथ मोशालाई पछ्याए ।
परमेश्वरको महिमा हामीसित छ र उहाँले हामीलाई स्वर्गबाट रोटी दिनुहुन्छ ।
परमेश्वरले निरन्तर स्वर्गबाट रोटी वर्षाइ नै रहनुभयो र तिनीहरूलाई चट्टानबाट पानी जुटाउनुभयो । रातमा आगोको खाँबो र दिनमा बादल भएर परमेश्वरले तिनीहरूलाई डोऱ्याउनुभयो । यसरी तिनीहरू शान्त हुन परमेश्वरका आज्ञाहरू पालन गर्न तिनीहरूले सिके ।




लगभग १४५१ बी.सी. – व्यवस्था ३४: ४–५


परमप्रभु परमेश्वरले अब्राहामलाई आफ्नो देश छोडेर उहाँले दिनुहुने देशमा हिँड्न उनलाई बोलावट दिनुभएको झण्डै पाँच वर्ष बितिसकेको थियो ।
परमेश्वरले अब्राहाम र साराबाट जन्मेको छोरा इसहाकबाट एउटा ठूलो जाति बनाउनेछु भनी गर्नुभएको प्रतिज्ञा पूरा गर्नुभएको थियो । याकूब, जसको नाम पछि इस्राएल भयो, का बाह्र छोराहरू पछि बाह्र घरानाहरू तथा असंख्य मानिसहरू बनेका थिए ।
तिनीहरू दासत्वबाट निस्के र मोशासित उजाडस्थानमा घुमिहिँडे । तिनीहरूले परमेश्वरबाट व्यवस्था पाए र अहिले अन्त्यमा प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेका छन् । उजाडस्थानको यात्राभरि, एउटा जवान मानिस सधैं मोशाको छेउमा थिए र उनले इस्राएल जातिलाई कसरी नेतृत्व दिने हो, सो कुरा ध्यान दिँदै सिक्दै आएका थिए ।
त्यो केटा यहोशू थिए जो पछि गएर शक्तिशाली योद्धा भए ।







व्यवस्था ३४:९, यहोशू ५:१२